# संविधान निर्माण बारे वर्तमान अवस्थाका सङ्क्षिप्त बुँदाहरू

## १. तीन वर्षको अवधिमा भएका कार्यहरू

- संविधानसभाका सबै माननीय सदस्यहरू ४० वटा विभिन्न टोलीहरूमा विभाजित भई मिति २०६५।११।१६ देखि २०६५।१२।९ सम्म देशका २४० वटै निर्वाचनक्षेत्रको भ्रमण गरि प्रश्नावलीमार्फत जनताको राय सुझाव सङ्कलन गर्ने कार्य सम्पन्न
- संविधानसभाका सबै विषयगत समितिहरू र संवैधानिक समितिले मिति २०६६।२।९ देखि २०६६।१०।२० को बीचमा आ-आफ्ना कार्यक्षेत्रको अधिनमा रही भावी संविधानको अवधारणापत्र र प्रारम्भिक मस्यौदा सहितको प्रतिवेदन तयार गरि संविधानसभामा पेश गरेका
- प्रत्येक समितिको प्रतिवेदनमाथि ५ दिन अर्थात ३० घण्टाको दरले सभामा छलफल भइसकेको
- संविधानसभाले प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजश्व बाँडफाँड समिति, संवैधानिक निकायको संरचना निर्धारण समिति र अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदन पारित गरि पहिलो एकीकृत मस्यौदा तयार गर्नको लागि क्रमशः मिति २०६६ माघ २१, फागुन १९ र चैत्र २१ मा संवैधानिक समितिमा पठाएको
- संवैधानिक समितिबाट प्रस्तावना र अनुसूचीको साथमा संविधानमा रहने अन्तरवस्तुहरूलाई विभिन्न २७ भागमा विभाजन गरिएको भावी संविधानको प्रारम्भिक खाका तयार गरि संविधानसभाबाट सहमति साथ पारित भईआएका समितिका प्रारम्भिक मस्यौदाहरूलाई उक्त खाकामा समावेश गरि संविधानको पहिलो मस्यौदा तयार गर्ने कार्य मिति २०६६ साल फागुन महिनादेखि नै प्रारम्भ गरेको
- विषयगत समितिका प्रतिवेदनमा कतिपय विषयहरू दोहोरिएका, कतिपय विषयहरू परस्परमा बाझिएका, कतिपय विषयहरू छुट भएका र कतिपय विषयहरू अनिर्णित र विवादास्पद रुपमा रहेकाले त्यसलाई सहमतिपूर्ण ढङ्गबाट समाधान गरि सबै प्रतिवेदनलाई एकरुपतायुक्त र पूर्णता प्रदान गर्न संविधानसभाको मिति २०६६।२।१३ को २९ औं बैठकबाट १५ सदस्यीय अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन अध्ययन समितिको गठन भएको,
- उक्त समितिले सबै विषयगत समितिहरूका प्रतिवेदन अध्ययन गर्ने कार्य पूरा गरि समितिबाट टुङ्गो लगाउन नसकेका २१० वटा प्रश्नावली सहित समितिको अन्तिम प्रतिवेदन मिति २०६७।६।१४ मा संविधानसभाका अध्यक्षसमक्ष पेश गरेको,
- उक्त प्रतिवेदनमा रहेका विवादित प्रश्नहरूमा राजनीतिक सहमति कायम गर्न संविधानसभाका अध्यक्षको अग्रसरतामा संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दलका संसदीय दलका नेताहरूको बैठक बसी मिति २०६७।६।१९ देखि २०६७।८।२६ को बीचमा १३२ वटा विवादित विषयहरूमा सहमति कायम भएको
- ७ वटा समितिका प्रतिवेदनसँग सम्बन्धित ७८ वटा विवाद र राज्यको पुनर्संरचनासँग सम्बन्धित ७८ वटा विवादहरूमा संवैधानिक समितिले नै सहमति कायम गरि पहिलो मस्यौदा तयार गर्ने, कुनै विषयमा सहमति कायम हुन नसके निर्णयको लागि संविधानसभामा पेश गर्ने गरि ७ वटा समितिका प्रतिवेदनहरू २०६७।१०।१२ मा र राज्यको पुनर्संरचना समितिको प्रतिवेदन २०६७।१२।३ मा संवैधानिक समितिमा पठाएको
- संवैधानिक समितिले विवादित विषयहरूमा छलफल गरि त्यसमा सहमति कायम गर्न मिति २०६७।११।१३ मा प्रमुख दलका शीर्ष नेताहरूसमेत रहेको विवाद समाधान उप समिति गठन गरेको
- २०६८।२।१४ सम्म आइपुग्दा ७ वटा समितिसँग सम्बन्धित ७८ वटा विवादमध्ये ५३ वटा विवादमा सहमति कायम भई २५ वटा विवादमात्र समाधान हुन बाँकी रहेको । राज्य पुनर्संरचनासँग सम्बन्धित ७८ वटा विवादमा विशेषज्ञहरूको समेत सुझाव लिई सहमति कायम गर्नु पर्नेमा छलफल चलिरहेको अवस्था

## २. २०६८ साल ज्येष्ठ १४ पछि सम्पन्न भएका कार्यहरू

- थप भएको १ वर्षको अवधिमा सबै विवादित विषयहरू सहमतिमा पुऱ्याउन नसकिएपछि संविधान निर्माणको क्रममा संविधानको पहिलो मस्यौदा निर्माण लगायतका अन्य कार्यहरू बाँकी नै रहन गएको
- यस सन्दर्भमा व्यवस्थापिका संसदले नेपालको अन्तरिम संविधानमा २०६८ ज्येष्ठ १४ गते नवौं संशोधन गरि संविधानसभाको कार्यकाल ३ वर्ष ३ महिना हुने गरि २०६८ भाद्र १४ सम्मको लागि कार्यकाल थप गरेको

- संविधान निर्माण अन्तर्गत सबै विषयगत समितिका प्रतिवेदनहरू विवाद सहित संवैधानिक समितिमा आइसकेको हुनाले संविधान संशोधन गर्नु पूर्व भएको राजनीतिक सहमतिमा थप भएको यो ३ महिनामा शान्ति प्रक्रियाका मूलभूत कार्य सम्पन्न गर्ने र सबै विवादित विषयमा सहमति गरि संविधानको पहिलो मस्यौदा तयार गर्ने कुरालाई लक्ष्यको रुपमा परिभाषित गरियो
- संविधानसभाको २०६८ मार्ग १४ सम्मको कार्यकालमा पनि कुनै ठोस काम हुन नसकी लक्ष्य अनुरुप पहिलो मस्यौदा बनाउन नसकिएपछि मार्ग १३ गते व्यवस्थापिका संसदले नेपालको अन्तरिम संविधानमा एघारौं संशोधन गरि संविधानसभाको कार्यकाल ४ वर्ष हुने गरि २०६९ जेष्ठ १४ सम्मको लागि कार्यकाल थप गरिएको छ ।

## ३. संवैधानिक समिति अन्तर्गत भएका कार्यहरू

- विवाद समाधान गरि संविधानको पहिलो मस्यौदा तयार गर्ने जिम्मेवारी नियमतः संवैधानिक समितिको जिम्मेवारी भएकोले तत्काल संविधानसभाको बैठक बस्नुपर्ने आवश्यकता परेन । संवैधानिक समिति र सो अन्तर्गतको विवाद समाधान उपसमिति केही रुपमा क्रियाशील भएका छन्
- २०६८।२।१४ पछि जेष्ठ १८, १९, असार १९, साउन १६ र १८ तथा भदौ २७ र कार्तिक १९ गते गरि संवैधानिक समितिका ७ वटा बैठक बसेका छन् । समितिले विवाद समाधान उपसमितिको कार्यप्रगति सहितको प्रतिवेदन प्रतिक्षा गरिरहेको छ
- सर्वप्रथम विवादहरूमा सहमति कायम गरेर मात्र पहिलो मस्यौदा तयार गर्न सकिने भएकोले विवाद समाधान गर्न वैधानिक समितिको २०६७ साल फागुन १३ गतेको बैठकबाट देहाय बमोजिमको विवाद समाधान समिति गठन गरिएको सबैमा अवगत नै छः-

  □ मा.पुष्पकमल दाहाल प्रचण्ड - संयोजक
  □ मा. रामचन्द्र पौडेल - सदस्य
  □ मा माधवकुमार नेपाल - सदस्य
  □ मा. लक्ष्मणलाल कर्ण - सदस्य
  □ मा. कल्पना राणा - सदस्य
- विवाद समाधान उपसमितिका संयोजक श्री पुष्पकमल दाहाल प्रचण्डले मिति २०६८।४।१८ मा संवैधानिक समितिको बैठकमा पेश गर्नु भएको आवधिक प्रतिवेदनमा २०६८।२।१४ पछि विवाद समाधान समितिका ९ वटा बैठक सम्पन्न भएको विवरण राखिएको छ
- त्यसरी सम्पन्न भएको बैठक २०६८ ज्येष्ठ २६, २७, ३१, असार १३, १६, २०, २१ र साउन १३ र १५ मा बसेको देखिन्छ
- उपसमितिको २०६८।४।१३ को बैठकले राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ मध्ये छरिएर रहेका एउटै विषयसँग सम्बन्धित विवादहरूलाई एउटै बुँदामा समेटने, संविधानसभाबाट पहिले नै निर्णय भएका विषयसँग सम्बन्धित विवादलाई अब कायम नराख्ने र अन्य समितिको प्रतिवेदनमा रहेका विवादलाई नदोहोर्‍याउने दृष्टिकोणबाट राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुङ्गो लाग्न बाँकी विवादका विषयलाई २५ वटा प्रश्नमा समेट्ने निर्णय गरेको छ ।
- दोस्रो पटक थप भएको ३ महिनाको अवधिमा पनि कुनै ठोस काम हुन नसकी लक्ष्य अनुरुप पहिलो मस्यौदा बनाउन नसकिएपछि भदौं १२ गते व्यवस्थापिका संसदले नेपालको अन्तरिम संविधानमा दशौं संशोधन गरि संविधानसभाको कार्यकाल ३ वर्ष ६ महिना हुने गरि २०६८ मार्ग १४ सम्मको लागि कार्यकाल थप गर्ने काम गरेको छ
- भदौं १२ मा थप ३ महिनाको अवधि थप भएपछि विवाद समाधान उपसमितिको बैठक ५ पटक थप बसेको छ
- भदौं १७, १८ र २३ मा बसेको बैठकमा शान्ति प्रक्रियाका मूलभूत कुरामा ठोस सहमति भई प्रगति प्रारम्भ नभएसम्म संविधान निर्माणतर्फ क्रियाशील हुन नसकिने भन्ने केही प्रमुख दलको अडान पछि संविधान निर्माण कार्य अवरुद्ध जस्तै रहेको थियो । संविधानसभा र यस अन्तर्गतका संयन्त्रले शान्ति प्रक्रिया कसरी अघि बढ्छ भनी प्रतिक्षा गर्नु पर्ने अवस्था सृजना भएको थियो । २०६८।७।१५ मा शान्ति प्रक्रियाका मूलभूत विषयमा ऐतिहासिक ठोस सहमति भएपछि संविधान निर्माणमा पनि सकारात्मक वातावरणको निर्माण हुने अपेक्षा गरिएको हो ।
- सो सहमति पश्चात २०६८।७।१८ मा विवाद समाधान उपसमितिको बैठक बसी राज्य पुनर्संरचनाको लागि सुझाव लिन संविधानसभाबाट विशेषज्ञ समिति गठन गर्ने बारेमा संविधान संशोधन लगायतका आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय भएको साथै सो बैठकले उपसमिति अन्तर्गतको गृह कार्यटोलीलाई शासकीय स्वरुप र निर्वाचन प्रणालीका सम्बन्धमा रहेका विवाद समाधानका लागि गृहकार्य गरि लिखित प्रतिवेदन पेश गर्ने निर्देशन दिइएको थियो । कार्यादेश अनुसार गृहकार्य टोलीबाट प्रतिवेदन पेश भई विवाद समाधान उपसमितिमा विचाराधीन रहेको अवस्था छ ।

- २०६८।७।१९ मा संवैधानिक समितिको बैठक बसी विवाद समाधान उपसमितिको सिफारिस अनुरुप राज्य पुनर्संरचनाको बारेमा सुझाव लिन विशेषज्ञ समिति गठन गर्ने उपसमितिको सहमतिलाई बैठकले अनुमोदन गरेको र दलहरू बीचको ७ बुँदे सम्झौतालाई स्वागत गरेको ।
- २०६८।७।१५ मा शान्ति प्रक्रियाका मूलभूत विषयमा ऐतिहासिक ठोस सहमति भएपछि सेना समायोजनको काम ठोस रुपमा अघि बढ्ने र संविधान निर्माणमा पनि सकारात्मक वातावरण बन्ने अपेक्षा गरिए तापनि दलहरुका बीचमा विवादहरु कायमै रहेकाले ठोस उपलब्धि हासिल हुन सकेन । यस बीचमा माओवादी सेनाको वर्गीकरण र राज्यपुनर्सरचना आयोग गठन भई कामहरु अगाडि वढेको थियो ।

## ४. राज्य पुनर्संरचना आयोगको गठन र यसको सुझाव माथिको छलफल

- राज्य पुनर्संरचनाको बारेमा कायम रहेका विवाद समाधानका लागि विशेषज्ञहरु संलग्न रहेको आयोग वनाई त्यसबाट सुझाव लिएर मात्र यस सम्बन्धी विवाद समाधान गरिनु पर्दछ भनी संविधान सभामा लामो अवधि देखि छलफल भई रहेको र अन्तरिम संविधानको धारा १३८ मा समेत आयोग सम्बन्धी व्यवस्था रहेको हुँदा राज्य पुनर्संरचना वारेमा सुझाव दिनका लागि सरकारवाट राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोग गठन भएको र सो आयोगले आफूलाई तोकिएको समयमै (माघ १७, २०६८ ) सरकारलाई प्रतिवेदन वुझाएको ।
- उक्त प्रतिवेदन संविधान सभामा प्रस्तुत गर्ने सन्दर्भमा प्रधानमन्त्री डा. बाबुराम भट्टराईले संविधान सभाका अध्यक्षलाई हस्तान्तरण गर्नु भएको ।
- राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको प्रतिवेदन, २०६८ उपर संविधानसभामा कसरी प्रस्तुत गराउने र कहाँ छलफल गराउने भन्ने सम्बन्धमा दलहरु बीचमा केही समय विवाद भए पनि अन्तमा सो प्रतिवेदनका बारेमा राज्य पुनर्संरचना समितिका सदस्यहरुसँग संविधान सभाका अध्यक्षले छुट्टै राय लिने र सभाको पूर्ण बैठकमा पेश गरी सदस्यहरुले राय सुझाव राख्ने र सबै कुराहरुलाई समेटी संवैधानिक समितिमा पठाउने भनी राजनीतिक दलहरु टुङ्गोमा पुगेकाले अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ्गले संविधान सभाको राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिका माननीय सदस्यहरुसँग मिति २०६८।१२।१० मा रायसुझावका लिनु भएको
- आयोगको उक्त प्रतिवेदन उपर संविधानसभाको पूर्ण बैठकमा मिति मिति २०६८।१२।१३, २०६८।१२।१४, २०६८।१२।१५, २०६८।१२।१६ मा हरेक दिन ६ घण्टाका दरले छलफल भएको, उक्त छलफलमा सदस्यहरुले व्यक्त गरेको रायको विवरण सहित राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको प्रतिवेदन संवैधानिक समितिमा पठाईएको । साथै राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिका माननीय सदस्यहरुसँग मिति २०६८।१२।१० मा लिईएको रायसुझाव समेत संवैधानिक समितिमा पठाईएको
- संविधान सभाबाट पठाईए अनुसार राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको प्रतिवेदनमाथि संवैधानिक समितिमा समेत मिति २०६८।१२।१५ छलफल भएको । छलफल पछि राज्य पुनर्संरचना वारेमा रहेका विवादहरु विवाद समाधान उप-समितिमा विचाराधीन रहेकाले ती विवाद समाधानको लागि उल्लिखित छलफलहरु उपयोगी हुने भनेर उक्त प्रतिवेदन समेत विवाद समाधान उपसमितिमा पठाईएको

## ५. संवैधानिक समिति र विवाद समाधान उपसमितिको कृयाशीलता

- २०६८। ८।१३ मा नेपालको अन्तरिम संविधानमा एघारौं संशोधन भई संविधान सभाको कार्यकाल थप भएपछि संविधान निर्माणको कार्यतालिका बनाई व्यवस्थित तवरले अगाडि बढाउने सहमति भई संविधान सभाबाट समेत कार्यतालिका वनाईएको
- कार्यतालिका अनुसार विवाद समाधान उपसमितिले समाधान गर्न सकेका विवादहरु र समाधान हुन वाकी विवाद सहितको प्रतिवेदन उपसमितिका संयोजक माननीय पुष्पकमल दाहालले मिति २०६८।९।१६ को बैठकमा पेश गरेका थिए । तर महत्वपूर्ण विवादहरु यथावत कायम रहेको अवस्था हुदा दलहरुवीचमा र संवैधानिक समितिमा विभिन्न तवरले छलफल भईरहेको
- २०६८। ८।१३ पछि २०६९-०१-१५ सम्ममा विवाद समाधान उप समितिको बैठकहरु २१ पटक वसेका छन् । ती बैठकहरु २०६८ मंसीरमा ४ पटक, २०६८ पुसमा ८ पटक, २०६८ फागुनमा ४ पटक, २०६८ चैत्रमा ३ पटक र २०६९ वैसाखमा दुई पटक बसेका छन् ।
- २०६८। ८।१३ पछि २०६९-०१-१५ सम्ममा संवैधानिक समितिको बैठकहरु ३७ पटक वसेका छन् । ती बैठकहरु २०६८ मंसीरमा ३ पटक, २०६८ पुसमा ११ पटक, २०६८ माघमा १० पटक, फागुनमा ६ पटक, चैत्रमा ३ पटक र २०६९ वैसाखमा चार पटक बसेका छन् ।

## ६. सेना समायोजन पछि संविधान निर्माणको उपयुक्त वातावरण र दलहरु बीचको छलफल

- विगतमासेना समायोजनको काम नसकिए सम्म संविधान निर्माणको काम अगाडि वढ्न नसक्ने भनी केही प्रमुख दलहरुले अडान लिई रहेको अवस्था विद्यमान थियो । यस बीचमा २०६८।१२।२८ मा शान्ति प्रक्रियाको सेना समायोजन सम्बन्धमा दलहरुवीच सहमति भई माओवादी सेनाका शिविरहरु नेपाली सेनालाई जिम्मा दिने निर्णय भएको र त्यसपछि समायोजनका वारेमा रहेका विवादहरु समेतमा सहमति भई यो कार्य लगभग सकिने अवस्थामा पुगेपछि संविधान निर्माणको लागि सकारात्मक अवस्था सिर्जना भएको छ ।
- शान्ति प्रकृयाको महत्वपूर्ण पाटोको रुपमा रहेको सत्य निरुपण र मेलमिलाप आयोग तथा बेपत्ता छानविन आयोग एउटै बनाउने सम्बन्धमा पनि दलहरु बीचमा सहमति भएको छ । यस किसिमको नयाँ विधेयक तयार गरी पारित गर्ने प्रकृयामा रहेको भनिएको छ ।
- सेना समायोजनको वारेका निर्णयहरु भईसकेपछि राजनीतिक दलहरु संविधान निर्माणका विवादित विषयहरु समाधान गर्नकालागि लगातार रुपले घनिभूत छलफलमा जुटेको अवस्था रहेको

## ७. मिति २०६९-०१-२१ मा प्रमुख चार राजनीतिक शक्तिका बीचको सहमति पछिको अवस्था

- देशका प्रमुख चार राजनीतिक शक्तिहरुका बीचमा मिति ०६९-०१-२१ मा हालका प्रधानमन्त्री डा. बावुराम भट्टराईको नेतृत्वमा राजनीतिक सहमतिको सरकार निर्माण गर्ने, २०६९ जेठ १४ अगाडी संविधान जारी गर्ने, सो भन्दा अगाडी प्रधानमन्त्रीले राजीनामा गरी नेपाली कांग्रसको नेतृत्वमा राजनीतिक सहमतिको सरकार वनाउने र सोही सरकारले एक वर्ष भित्रमा राष्ट्रिय आम निर्वाचन सम्पन्न गर्ने गरी सहमति भई सहमति अनुरुप सवै शक्ति सरकारमा गएपछि राजनीतिक वृत्तमा रहेको अविश्वास र शंकाको अवस्था हटेको देखिएको
- मिति २०६९।०२।०२ मा संविधान निर्माणको सन्दर्भमा कायम रहेका महत्वपूर्ण विवादहरुमा राजनीतिक दलहरुका बिचमा सहमति कायम भएपछि यस सन्दर्भमा रहेका अविश्वास र शंकाको अवस्था हटेको देखिएको । यद्यपी यस सहमतिका विषयहरुमा विभिन्न सरोकारवाला समुह र शक्तिहरुले असहमति देखाएको अवस्था रहेको छ ।
- मिति २०६९।०२।०२ मा भएको सहमतिलाई औपचारिक रुपमा संविधान सभामा प्रवेश गराउने प्रकृया अवलम्वन गर्नु पर्ने आवश्यकता रहेको हुनाले संविधानका विवादका विषयहरुमा संवैधानिक समिति अन्तर्गतको विवाद समाधान उप-समितिले प्रतिवेदन तयार गरी संवैधानिक समितिमा लैजानु पर्ने हुन्छ । त्यसकारण सो कार्य सम्पन्न गर्न आवश्यक प्रतिवेदन तयार गरी उप समितिमा पेश गर्नकोलागि उप-समितिको सोही मिति २०६९।०२।०२ मा वसेको बैठकले वर्षमान पुन अनन्त, खिमलाल देवकोटा, राधेश्याम अधिकारी, रमेश लेखक, भिमवहादुर रावल, अग्नि खरेल, कल्पना राणा गरी ७ सदस्य रहेको कार्यदल वनाई जिम्मा दिएको थियो । सो कार्यदलले जेठ ३ गते दिनभर वैठक वसेर आफूले सहमति गर्न सकेका विषयहरुमा सहमति गरी र उप समितिमा नै छलफल गर्न आवश्यक देखेका विषयहरुलाई सोही अनुसार जनाई प्रतिवेदन तयार गरी सोहि दिन वसेको उपसमितिमा प्रस्तुत गरेको थियो । यसरी प्रस्तुत भएको प्रतिवेदनका विषयलाई उपसमितिको वैठक वसी अन्तीम रुप दिईनेछ र सो विषयको प्रतिवेदन संवैधानिक समितिमा पेश भई छलफल हुनेछ ।

## ८. संविधान निर्माणका क्रममा सम्पन्न हुन बाँकी कार्यहरू

- संविधानका विषयहरुमा कायम रहेका विवाद समाधान गरि संवैधानिक समितिबाट सबै समितिका मस्यौदा प्रतिवेदन एकीकरण गरि संविधानको पहिलो मस्यौदा तयार गर्ने
- पहिलो मस्यौदामाथि सभामा सैद्धान्तिक छलफल गरि पारित गर्ने र राजपत्रमा प्रकाशन गर्ने
- पहिलो मस्यौदामा आम जनताको राय सुझाव लिने
- जनताको सुझाव बमोजिम पहिलो मस्यौदा परिमार्जन गरि संविधानको विधेयक तयार गर्ने
- माननीय सदस्यहरूबाट पर्ने संशोधन सहित सभामा धारागत छलफल गरि प्रस्तावना सहित  का व्यवस्थाहरु पारित गर्ने
- पारित संविधानमा सबै सदस्यहरूले हस्ताक्षर गर्ने, अध्यक्षले प्रमाणिकरण गर्ने र राष्ट्रपति महोदयसमक्ष पेश गरि संविधान जारी भएको घोषणा गर्ने

---

**(प्रकाशित मितिः २०६९जेष्ठ ४ गते)**

# भावि संविधानमा रहने महत्वपूर्ण विषयहरूको सार#

## १. संवैधानिक समितिको प्रतिवेदन अन्तर्गत का विषयहरु

- प्रस्तावनामा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले संविधानसभा मार्फत संविधान निर्माण गरेको घोषणा, विगतका आन्दोलन, शहिदहरूको वलिदान र जनताको त्यागको स्मरण, विगतको पीडाको अन्त्य गर्ने घोषणा, समावेशी लोकतन्त्रका आधारभूत मान्यताको अवलम्बन गरि समाजवादको आधार निर्माण गर्ने कुरा र सामाजिक न्याय सुनिश्चित गर्ने विषय समावेश गरि प्रस्तावना लेखनमा नवीनता देखाएको
- प्रदेशलाई सरोकारपर्ने विषयमा संविधान संशोधन गर्दा प्रदेशको भूमिकालाई समेत स्वीकार गरिएको
- जनतामा निहित सार्वभौमसत्ता र गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, आधारभूत मानव अधिकार, प्रेस स्वतन्त्रता लगायतका विषयहरूलाई संविधानमा असंशोधनिय व्यवस्थाको  रुपमा स्राखिएको
- नयाँ राजनीतिक दल खुलेपछि त्यसको नियमित रुपमा दर्ता गर्ने र निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्ने गरी अलग-अलग दर्ताको व्यवस्था
- राजनीतिक दल दर्ता गर्न वार्षिक लेखा परीक्षण प्रतिवेदनको समेत आवश्यकतापर्ने व्यवस्था गरि दललाई राष्ट्र र जनता प्रति जवाफदेही र पारदर्शी बनाउने प्रावधान राख्ने व्यवस्था गरिएको
- प्रदेश स्तरमा समेत दल खोल्न सकिने व्यवस्था प्रस्तावित गरिएको
- सङ्कटकालीन अवस्थाको घोषणा मूलतः केन्द्रीय सरकारको अधिकारमा रहने
- प्राकृतिक विपत्ति वा महामारीको कारणले सङ्कट सृजना भए पनि सङ्कटकालको घोषणा हुन सक्ने नयाँ व्यवस्था थप गरिएको
- सङ्कटकालमा मर्कापर्नेले क्षतिपूर्ति पाउने र पीडकलाई सजाय हुने व्यवस्था

## २. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति अन्तर्गतका विषयहरु

- प्रादेशिक पहिचान सहितको एकल सङ्घीय नागरिकताको व्यवस्था
- वंशजको आधारमा नागरिकता प्राप्त हुने व्यवस्था
- आमा र बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नागरिकता प्रदान गरिने
- आमाको नामवाटपनि नागरिकता पाउन सक्ने व्यवस्था
- नेपाली पुरुषसँग विवाह गर्ने महिलालाई विदेशको नागरिकता त्याग्नासाथ नेपाली नागरिकता दिनुपर्ने
- गैरआवासीय नेपालीलाईपनि गैर आवासिय नेपाली नागरिकता  प्रदान गर्ने व्यवस्था गरिएको
- राष्ट्रपति प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख र शुरक्षा निकायको प्रमुख पदमा नियुक्ति हुन वंशजको आधारमा नागरिकता प्राप्त गरेको हुनपर्ने
- विभिन्न ३१ वटा शीर्षक अन्तर्गत मौलिक हकको व्यवस्था गरिएको
- नागरिक र राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा विकास र सामुहिक अधिकारहरूलाई समेत मौलिक हकको रुपमा मान्यता दिईएको
- मौलिक हक कार्यान्वयनको लागि आवश्यक कानून दुई वर्ष भित्र बनाइने
- देश प्रति निष्ठावान हुदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र  अखण्डताको रक्षा गर्नु तथा, संविधान र कानूनको पालना गर्नु र राष्ट्रले चाहेका वखत अनिवार्य सेवा गर्नु पर्ने विषयलाई नागरिकले पालना गर्नुपर्ने कर्तव्यको रुपमा राखिएको
- विषयगत आधारमा निर्देशक सिद्धान्त र नीतिहरूको उल्लेख गरिएको

---

# संविधान निर्माणको सन्दर्भमा राजनीतिक दलहरुका विचमा कायम रहेका महत्वपूर्ण विवादको बारेमा मिति २०६९ जेष्ठ २ गतेमा सहमति भएपछि त्यसलाई संविधानसभाका औपचारिक संयन्त्रहरुले अनुमोदन गरी नसकेका, त्यसको प्रकृयामा नै रहेको र अन्तिम रुप पाई नसकेको अवस्था रहेको छ ।

- राज्यको नीति कार्यान्वयनको लागि चालिएको कदम र प्राप्त उपलब्धि सहितको प्रतिवेदन सरकारले प्रत्येक वर्ष सङ्घीय व्यवस्थापिका समक्ष पेश गर्नुपर्ने थप व्यवस्था गरिएको
- नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्ने र मौलिक हक तथा मानव अधिकारको संरक्षण एवं संवर्द्धन गर्ने राज्यको दायित्व हुने नयाँ व्यवस्था मस्यौदामा प्रस्तुत गरिएको

## ३. अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति अन्तर्गतका विषयहरु

- अल्पसङ्ख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएका वर्गलाई मौलिक पहिचान सहित बाँच्न पाउने, आफ्नो धर्म संस्कृति र भाषा वा लिपिको संरक्षण र सम्बर्द्धन गर्ने, आफ्नो वर्गको विकास, सशक्तिकरण र संरक्षणको लागि राज्य संरचनाका हरेक तहमा सहभागिताको अधिकार रहने, जातीय विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्ति वापत समानुपातिकता माथि थप अधिकारको विशेष व्यवस्था रहने लगायतका हक हरुको व्यवस्था गरिएको

## ४. राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन अन्तर्गतका विषयहरु

- नेपालमा सङ्घ तह, प्रदेश तह र स्थानीय तह गरि तीन तहको मूल संरचना  रहने
- आधारभूत संरचनाका अतिरिक्त स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र लगायतका विशेष संरचना पनि रहन सक्ने व्यवस्था गरिएको
- नेपालको राज्यसत्ता अथवा सार्वभौमसत्ता सङ्घ (केन्द्र), प्रदेश, स्थानीय तह र विशेष संरचना मार्फत प्रयोग गरिने
- नेपालका सवै प्रदेशहरु वहुजातिय हुनेछन् । प्रदेशहरुमा सवै जाति,जनजाति धर्म, भाषा, संस्कृतिका सवै नागरिकहरुको राजनितिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार समान रहने
- प्रत्येक नागरिकका मौलिक हक एवं मानव अधिकारको सम्मान तथा रक्षा गर्नु केन्द्र, प्रदेश तथा स्थानीय सरकारको दायित्व हुने
- सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल मा प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन नामाङ्कन प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश बन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदी विषयमा समाधान गर्न केन्द्रीय संघीय आयोगको व्यवस्था हुने । आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।
- प्रदेशको नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने
- प्रादेशिक सरकार गठन भएको मितिले एक वर्षभित्रमा उच्चस्तरीय आयोग गठन गरि सङ्घीय सरकारले तोकेको मापदण्डको आधारमा स्थानीय तह- गाउँपालिका र नगरपालिकाको नाम, संख्या र क्षेत्र निर्धारण गरिसक्नुपर्ने
- सङ्घ र प्रदेश बीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयका सिद्धान्तमा आधारित हुने
- कहिपनि उल्लेख नभएका अवशिष्ट अधिकार  केन्द्रिय सरकारमा राखिएको
- प्रदेशहरू बीच समन्वय हुनुपर्ने विषयहरूमा निर्देशन जारी गर्नसक्ने अधिकार केन्द्रिय सरकार लाई प्रदान गरिएको
- प्रदेश र केन्द्र बीच उत्पन्न विवादको समाधान अन्तर प्रादेशिक परिषद्को सिफारिसमा सङ्घीय व्यवस्थापिकाबाट हुने
- प्रदेश, स्थानीय तह र विशेष सरचना बीचका विवाद सम्बन्धित प्रादेशिक व्यवस्थापिकाबाट पनि समाधान गर्न सकिने
- प्रदेश-प्रदेश बीचका, केन्द्र र प्रदेश बिचका वा अन्य संरचना बीचका संवैधानिक विवाद वा अनुसूचीमा उल्लिखित अधिकार सम्बन्धी विवाद र सीमान सम्वन्धी विवादको समाधान संवैधानिक अदालतबाट हुने
- द्विपक्षीय वा बहुपक्षीय वार्ता, मेलमिलाप, समन्वय वा मध्यस्थता जस्ता विवाद समाधानका वैकल्पिक प्रकृयाहरू पनि अवलम्बन गर्न सकिने

## ५. व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति अन्तर्गतका विषयहरु

- राष्ट्रपति, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुनेछ जसलाई व्यवस्थापिका-संसद भनिने । यसको व्यवस्थापिकीय अधिकार सङ्घीय सूची र साझा सूचीमा उल्लिखित विषयहरूमा निहित रहने
- संसदको निर्वाचन मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक) को आधारमा हुने ।
- प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बाट १७१ जना र समानुपातिकबाट १४० जना गरि जम्मा ३११ जना सदस्य रहने

- राष्टिय सभामा प्रत्येक प्रदेशबाट ५/५ जनाका दरले निर्वाचित हुने ५५ जना सदस्य र मन्त्रिपरिषदको सिफारिशमा विभिन्न क्षेत्रका ख्यातीप्राप्त विशिष्ट व्यक्तिहरु मध्येबाट राष्टपतिबाट मनोनित हुने १० जना गरि जम्मा ६५ जना सदस्य रहने
- संसदमा महिलाहरुको प्रतिनिधित्व कम्तिमा एक तिहाईको संख्यामा हुने कुराको सुनिश्चितता गरिने
- प्रतिनिधिसभाको कार्यकाल पाँच वर्ष कायम गरिएको
- राष्ट्रपतिले वैकल्पिक सरकार गठन हुने संभावना नरहेको अवस्थामा प्रतिनिधि सभाको विघटन गर्न सक्ने
- प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुने । प्रदेश प्रमुख सहितको यो व्यवस्थापिकालाई प्रदेश सभा भनिने । प्रदेशहरूको व्यवस्थापिकीय अधिकार प्रदेश सभामा निहित रहने । प्रदेश सभामा एक केन्द्रीय संसदीय निर्वाचन क्षेत्रलाई दुई क्षेत्रमा विभाजन गरी प्रदेशसभाका सदस्यहरुको निर्वाचन गरिने
- प्रदेश सभाले आफ्ना सदस्य मध्येबाट एकजना सभामुख र एकजना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुख मध्ये एकजना महिला हुनुपर्ने

## ६. राज्यको शासकीय स्वरुप निर्धारण समिति अन्तर्गतका विषयहरु

- केन्द्र, प्रदेश तथा स्थानीय गरि तीन तहको शासकीय संरचना रहने केन्द्रमा जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रिपति र प्रतिनिधिसभाबाट निर्वाचित प्रधानमन्त्री रहने मिश्रित शासन प्रणाली रहने ।
- राष्ट्रिपतिको निर्वाचन कानूनमा व्यवस्था भए वमोजिम प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुने ।
- राष्ट्राध्यक्षको रुपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहने । राष्ट्रपतिको कार्यकाल ५ वर्षको हुने ।
- कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी राष्ट्रपति हुन नमिल्ने ।
- राष्ट्रपतिको निर्वाचनमा दुईभन्दा बढी उम्मेदवार भएको अवस्थामा कुल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने । उक्त निर्वाचनमा कुनै उम्मेदवारले कूल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच दोश्रो चरणको मतदान हुने ।
- दोस्रो चरणको मतदानमा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित भएको मानिने ।
- कार्यकाल समाप्त हुनु अगावै कुनै कारणले राष्ट्रपतिको पद रिक्त भएमा छ महिनाभित्र अर्को पूर्ण कार्यकालको लागि राष्ट्रपतिको निर्वाचन हुने ।

### राष्ट्रपतिको संवैधानिक हैसियत

- राष्ट्राध्यक्षको रुपमा रहने ।
- नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा राष्ट्रपति रहने ।
- राष्ट्रपति नेपाली राष्ट्रिय सेनाको परमाधिपति हुने ।
- नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख संवैधानिक कर्तव्य हुने ।

### राष्ट्रपतिमा देहायका अधिकार रहने

- प्रतिनिधिसभामा बहुमतप्राप्त दलको नेता वा बहुमत सदस्यहरुको समर्थन प्राप्त प्रतिनिधिसभाको सदस्य वा प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्ति गर्ने,
- संसदका दुवै सदनले पारित गरेका विधेयक प्रमाणीकरण गर्ने,
- संसदका दुवै सदनले पारित गरेका विधेयकमध्ये बजेटसम्बन्धी विधेयकबाहेक अन्य विधेयकहरु पुनः विचारार्थ सम्बन्धित सदनमा फिर्ता पठाउन सक्ने ।
- संसदको कुनै सदनको बैठक वा दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न वा सन्देश पठाउन सक्ने अधिकार हुने,
- नेपाली राजदूत वा विशेष प्रतिनिधिको नियुक्ति गर्ने ।
- विदेशी राजदूत तथा कूटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने,
- राज्यको तर्फबाट पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने ।
- प्रतिनिधिसभाको कार्यकालभर कुनै पनि बखत कारणसहित प्रधानमन्त्रीलाई प्रतिनिधिसभाको  विश्वास प्राप्त गर्न निर्देशन दिन सक्ने ।

- विदेशी राष्ट्र वा संस्थाबाट नेपाली नागरिकलाई दिईने उपाधि, सम्मान वा विभुषणकोलागि स्वीकृति प्रदान गर्ने
- उल्लिखित अधिकारहरु वाहेक अन्तराष्ट्रिय सम्वन्ध र त्यस सम्वन्धी मामला, संकटकालको घोषणा युद्धको घोषणा, प्रधान सेनापतिको नियुक्ति र वर्खास्तगि, संसद अधिवेशनको आवहान र अन्त्य,प्रतिनिधि सभाको विघटन, प्रदेश सरकारको विघटन लगायतका विषयमा राष्ट्रपतिलाई अधिकार हुने

## प्रधानमन्त्री तथा मन्त्रिपरिषदको अधिकार देहाय वमोजिम हुने

- मन्त्रिपरिषदको गठन गर्ने
- प्रदेशप्रमुखको नियुक्ति गर्ने
- शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने ।
- शान्ति सुरक्षा, अमनचैन र कानून कार्यान्वयनको जिम्मेवारी ।
- नेपाल सरकारको नीति तर्जुमा गर्ने
- संसदमा वार्षिक अनुमान (बजेट) प्रस्तुति गर्ने
- संसदमा सरकारी विधेयकको प्रस्तुति गर्ने
- विकास योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनको काम
- सार्वजनिक प्रशासन
- महान्यायाधिवक्ताको नियुक्ति र पदमुक्ति गर्ने अधिकार
- उल्लिखित अधिकारहरु वाहेक देशको शान्तिशुरक्षा, नियमित शासन व्यवस्थाका विषयहरुका सम्वन्धमा प्रधानमन्त्रीको अधिकार रहने

## मन्त्रीपरिषदको गठन देहायवमोजिम हुने

- राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता वा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुई भन्दा बढी दलका बहुमत सदस्यहरुको समर्थन प्राप्त प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्त गर्ने
- प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषदको गठन हुने ।
- प्रतिनिधिसभाको कुनै पनि सदस्यले प्रतिनिधिसभाका बहुमत सदस्यहरूको समर्थन प्राप्त गर्न नसक्ने अवस्था भएमा राष्ट्रपतिले सो प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गरी प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषदको गठन गर्ने ।
- कुनै दलमा वहुमत नभएको अवस्थामा नियुक्त भएको प्रधानमन्त्रीले आफू नियुक्ति भएको तीस दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने ।
- प्रतिनिधिसभामा कुनै पनि दलको बहुमत नभएको वा कुनै पनि सदस्यले बहुमत सदस्यको समर्थन पाउन नसकी सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्ति भएको अवस्थामा निजले तोकिएको अवधिभित्रमा विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने । त्यसरी प्रतिनिधिसभा विघटन गर्दा छ महिना भित्र नयाँ निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मितिसमेत तोक्नु पर्ने ।
- प्रधानमन्त्रीले उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री सिफारिस गर्दा संसदका सदस्यहरुमध्येबाट गर्नु पर्ने । सदस्य नभएको कुनै व्यक्तिलाई  नियुक्ति गरेकोमा त्यस्तो मन्त्रीले शपथग्रहण गरेको मितिले छ महिनाभित्र संसदको कुनै सदनको सदस्यता प्राप्त गर्नुपर्ने ।
- मन्त्रिपरिषद् समावेशी हुनुपर्ने ।
- प्रधानमन्त्रीसहित उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीको संख्या सङ्घीय व्यवस्थापिका-संसदको दुबै सदनको कूल संख्याको दश प्रतिशतभन्दा बढी नहुने ।
- प्रदेशको कार्यकारिणी अधिकार प्रदेशको मन्त्रिपरिषदमा रहने, प्रदेश सभामा वहुमत प्राप्त गरेको व्यक्ति मुख्यमन्त्रीमा नियुक्ति हुने
- सङ्घीय सरकारको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने
- स्थानीय कार्यकारी संयन्त्रको पनि व्यवस्था भएको  रस्थानीय तहको कार्यकारिणी प्रमुखको निर्वाचन जनतावाट प्रत्यक्ष रुपमा गरिने
- सरकारी सेवाको गठन र सञ्चालन विधि, सुशासनका आधारसमेतको व्यवस्था गरेको

## ७. न्याय प्रणाली सम्बन्धी समिति अन्तर्गतका विषयहरु

- नेपालमा ३ तहका अदालतहरू रहने: (क) सङ्घीय सर्वोच्च अदालत, (ख) र उच्च अदालत र (ग) जिल्ला/स्थानीय अदालत
- प्रादेशिक कानूनद्वारा व्यवस्था भए बमोजिम आवश्यकता अनुसार इलाका वा नगर वा गाउँस्तरीय अदालत/न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायद्वारा विवाद समाधान गर्ने निकाय गठन गर्न सकिने, जिल्ला/स्थानीय अदालतमा छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत/न्यायिक निकाय गठन गर्न सकिने
- सङ्घीय सर्वोच्च अदालत अभिलेख अदालत हुने । मुद्दा मामिलाका रोहमा सङ्घीय सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार, राज्यसरकार तथा सबै अड्डा अदालतले मान्नुपर्ने
- नेपालका प्रधान न्यायाधीशको नियुक्ति राष्ट्रपतिवाट हुने
- सर्वोच्च अदालतमा निश्चित अवधि काम गरिरहेको न्यायधिशहरु मध्येवाट प्रधान न्यायाधीशको चयन हुने र निजको कार्यकाल जतिसुकै छोटो अवधिको पनि हुन सक्ने
- सर्वोच्च अदालतका अन्य सवै न्यायाधीशहरुको नियुक्ति न्याय परिषदको सिफारिशमा हुने ।
- न्यायपरिषदमा प्रधानन्यायधीश अध्यक्ष, सर्वोच्च अदालतका २ जना वरिष्ठतम न्यायाधीश, कानून मन्त्री र वार एशोसियसनका एक प्रतिनिधि सदस्यको रुपमा रहने व्यवस्था गरिने ।
- हाल कायम रहेका न्यायाधीशहरुको पुनर्नियुक्तिको व्यवस्था नगरिने । तर उनीहरुले नयाँ संविधान बमोजिम सपथ गर्नु पर्ने
- सबै प्रकारका रिटहरू हेर्ने असाधारण अधिकार, शुरू कारवाही र किनारा गर्ने अधिकार हुने प्रदेश सर्वोच्च/उच्च अदालतले शुरू कारवाही र किनारा गरेको मुद्दाको पुनरावेदन, आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार, साधक जाँच्ने अधिकार सर्वोच्च अदालतमा रहने
- प्रदेश प्रदेश विचको विवाद, प्रदेश र केन्द्र विचको विवाद, प्रदेश र स्थानीय सरकार विच उत्पन्न हुने सीमा र अधिकार क्षेत्रको सूचि सम्वन्धी विवाद हेर्नका लागि ५ वर्षको लागि संवैधानिक अदालत रहने । संवैधानिक अदालतको अध्यक्षता प्रधानन्यायाधिशले गर्ने ।
- संवैधानिक अदालतमा २ जना सर्वोच्च अदालतका वष्ठितम न्यायाधिश र २ जना कानूनविद मध्ये सर्वोच्च अदालतको न्यायाधिश हुने योग्यता पुगेका व्यक्ति मध्येबाट सहमतीका आधारमा मन्त्रिपरिषदको सिफारिशमा राष्टपतिले नियुक्ति गरेका न्यायाधिश रहने् ।
- नेपालको हरेक राज्यमा राज्यस्तरको सबैभन्दा माथिल्लो तहको एक उच्च अदालत रहने
- उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरुको नियुक्ति न्यायपरिषदको सिफारिसमा प्रधान न्यायाधीशवाट हुने
- समावेशी सिद्धान्तको आधारमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम लगायत पिछडिएका समुदायको प्रतिनिधित्व हुनुपर्ने गरि न्यायाधीश नियुक्तिको व्यवस्था गरिएको
- सरकारको मुख्य कानुनी सल्लाहकारको रुपमा रहने महान्यायाधिवक्ता र अभियोजनको कार्यमा केन्द्रित रहेर काम गर्ने महाअभियोजनकर्ताको अलग्गै व्यवस्था गरिएको

## ८. संवैधानिक निकायको संरचना निर्धारण समिति अन्तर्गतका विषयहरु

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, मानवअधिकार आयोगलाई संवैधानिक निकायको रुपमा यथावत राखी महालेखापरिक्षकलाई लेखापरीक्षण आयोगको रुपमा रुपान्तरण गरिएको
- संवैधानिक निकायका पदाधिकारीको नियुक्ति समानुपातिक समावेशी सिद्धान्तको आधारमा गरिनुपर्ने व्यवस्था गरिएको
- प्रदेशहरुको लोक सेवा आयोग रहने व्यवस्था गरिएको

## ९. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति

- सङ्घ, प्रदेश र स्थानीय तह सहित ३ तहको राज्यको संरचनामा आधारित भई अधिकारको बाँडफाँड गरेर सूची प्रस्तावित गरिएको
- सहवर्ति अधिकारको विषयमा सङ्घले संरचनात्मक कानून निर्माण गर्नसक्ने
- आर्थिक अधिकारको सूचीमा अस्पष्ट भएका विषयमा सङ्घीय कानूनले स्पष्ट गर्न सक्ने
- देशमा उपलब्ध प्राकृतिक स्रोतको समन्यायिक उपयोग गरिने र त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गरिने

- देशमा उपलब्ध प्राकृतिक स्रोतको उपयोगका सम्बन्धमा  नीति नियमहरु सिफारिस  गर्नको लागि समेत संवैधानिक निकायको रुपमा विशेषज्ञहरू रहेको प्राकृतिक स्रोत आयोगको  व्यवस्था गरिएको
- राष्ट्रिय सर्वसञ्चित कोषबाट सङ्घीय, प्रादेशिक र स्थानीय सरकार बीच राजश्वको बाँडफाँड गर्ने आधार र संयन्त्र तयार गर्न तथा प्रदेश र स्थानीय तहलाई समानीकरण अनुदानको सिफारिस गर्न राष्ट्रिय वित्तीय आयोगको व्यवस्था गरिएको
- एक प्रदेश वा स्थानीय सरकारको क्षेत्रबाट अर्को प्रदेश वा स्थानीय सरकारको क्षेत्रमा मालसामानको आयात निर्यातमा कुनै अवरोध गर्न नपाइने संवैधानिक प्रत्याभूति प्रदान गरिएको
- प्रदेश सरकार र स्थानीय सरकारको छुट्टा-छुट्टै बजेट हुने व्यवस्था गरिएको

## १०. सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति अन्तर्गतका विषयहरु

- नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुने
- केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा देवनागरी लिपिको नेपाली भाषा हुने
- भविष्यमा भाषा आयोगको सिफारिसमा केन्द्रिय विधायिकाले पारित गरेमा अन्य भाषा पनि सरकारी कामकाजको भाषा हुन सक्ने प्रावधानले बहुभाषिक नीतिलाई स्वीकार गरेको
- प्रदेशको सरकारी कामकाजको भाषा बहुभाषिक हुने सुनिश्चितता
- केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा नै अदालती काम कारवाहीको भाषा हुने व्यवस्था गरिएको
- आपसी सद्भाव, विश्वास र सम्मान नै सामाजिक ऐक्यबद्धताको आधार हुने
- केन्द्रिय सरकार अर्न्तगत एउटा भाषा आयोग स्थापना गरिने

## ११. राष्ट्रिय हित-संरक्षण समिति अन्तर्गतका विषयहरु

- सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता, लोकतान्त्रिक व्यवस्था, समानुपातिक र समावेशी सहभागिता, विकास र समानतालाई राष्ट्रिय हितका आधारभूत अन्तरवस्तुको रुपमा स्वीकार गरिएको
- राष्ट्रिय हित विपरितको कार्य कानून बमोजिम दण्डनीय मानिने
- नेपाली सेना, नेपाल प्रहरी, अर्धसैनिक बल र राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी आधारभूत व्यवस्था संविधानमा गर्दै तिनीहरूको सञ्चालन लोकतान्त्रिक तवरले गर्ने प्रत्याभूति गरिएको
- नेपालको सीमाना व्यवस्थापन गर्ने दायित्व नेपाल सरकारको हुने व्यवस्था रहेको
- परराष्ट्र सम्बन्धको सञ्चालन सङ्घको अधिकार क्षेत्रमा रहने, सरकारले राष्ट्रिय आवश्यकता र जनचाहना बमोजिम सन्धि सम्झौता गर्नुपर्ने व्यवस्था  हरु रहेका


**विस्तृत जानकारीको लागि**

**संविधान सूचना केन्द्र**

नेपाल कानून समाज
अनामनगर, काठमाण्डौ, नेपाल
फोनः ४२६६७३५, फ्याक्सः ४२२८४९७, पो.ब.नं: १३२११
इमेलः nls@wlink.com.np, वेब-साइटः www.nls.org.np